# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (दशौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७८।०२।३१ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ५:३८ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म माननीय प्रदेश प्रमुख श्री सिता कुमारी पौडेलद्वारा प्रदेश सभा गण्डकी प्रदेशको आठौं अधिवेशनलाई २०७८ साल जेठ ३१ का दिन आ.व. ०७८÷७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको संवोधनको लागि माननीय प्रदेश प्रमुखलाई धन्यवाद गरियोस् भनि सभा समक्ष धन्यवादको प्रस्ताव प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यस प्रस्तावको पक्ष हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नु होस् । "हुन्छ," यस प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

यस प्रस्तावमा "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उक्त धन्यवादको प्रस्ताव सर्वसम्मतको रुपमा पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, माननीय प्रदेश प्रमुख श्री सिता कुमारी पौडेलद्वारा प्रदेश सभा गण्डकी प्रदेशको आठौं अधिवेशनलाई २०७८ साल जेठ ३१ गतेका दिन आ.व.

०७८÷७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको संवोधनको लागि प्रदेश गण्डकी प्रदेशको यो वैठक माननीय प्रदेश प्रमुख महोदयमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । अब म माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई माननीय प्रदेश प्रमुख श्री सिता कुमारी पोडेलले प्रस्तुत गर्नुभएको आ.व. २०७८÷०७९ को नीति तथा कार्यक्रम प्रति प्रदेश सभा समक्ष टेबुल गर्न अनुरोध गर्दछु ।

**माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, सभामुखज्यूको अनुमतिले प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम १ बमोजिम माननीय प्रदेश प्रमुख सिता कुमारी पौडेलज्यूले मिति २०७८ जेठ ३१ गते यस प्रदेश सभामा प्रस्तुत गर्नुभएको आ.व. २०७८÷०७९ को वार्षिक नीति तथा कार्यक्रम गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम १ बमोजिम सम्मानित सभामा प्रस्तुत गर्दछु । कृष्णचन्द्र नेपाली पोखरेल, मुख्य मन्त्री ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो वैठक २०७८ आषाढ १ गते बिहान १० बजेसम्मको लागि स्थगित हुन्छ ।